

परिवर्तन सरगम साहित्य प्रतिष्ठानको प्रस्तुति

समर्पण

वर्ष-२, अंक -४, २०७२

अर्धवार्षिक गजल पत्रिका

यस अङ्क भित्र...

- वरिष्ठ गजलकार ज्ञानुवाकार पौडेलको अन्तर्वाता
- अग्रज देखि अनुज सम्मका गजल समावेस

सम्पूर्ण साहित्यिक मनहरूको साझा चौतारी

समर्पण

गजल विशेष पत्रिका


वर्ष: २ अंक: ४ २०७२ फाल्गुण

सम्पर्क
९८४३१८४५५५
९८४१२१०८३२
९८०८२६२७०७

मूल्य: रु. ५०/-



प्रकाशक
परिवर्तन सरगम साहित्य प्रतिष्ठान, नेपाल
E-mail: pariwartan420@gmail.com
Website: www.facebook.com/pariwartan2sargam



अध्यक्ष
कमल सरगम

वरिष्ठ उपाध्यक्ष
तुलसी नारायण चित्रकार





उपाध्यक्ष
पुष्पाञ्जली गौतम



सचिव
गोविन्द लामिछाने



सह–सचिव
सुस्मा नेपाल



कोषाध्यक्ष
लक्ष्मी श्रेष्ठ

संस्थाका आजीवन सदस्यहरु

अमृत के सी
अमृत खनाल
अनिश विष्ट
अञ्जान यात्री
भवानी अधिकारी नेपाल
भीम मुस्कान
विमला दाहाल
विमला शर्मा ढुंगाना
वीरेन्द्र कार्की
वियोगी अनुरागी
बुद्धिमान घिसिङ
सि टि मगर
डेभिड ढकाल
दिपा राई
दिनेश धामी
गोविन्द के. सी.
हरिशरण अर्याल
कविता पुडासैनी
कमल अर्याल "धादिङे"
कपिलमणि लामिछाने
करिश्मा धम
लिना बुढा मगर
महेश कुमार ओली
मानन्धर "अभागी"
मानन्धर रेखा "काली"
मिना के. सी.
मोहन श्रेष्ठ
मुक्तिनाथ घिमिरे दिपक
नवीन यात्री
निश्चल पङ्कज
पि. एल. बि. एस.
पदम बहादुर पुलामी
पदमा लिन्खा मगर
प्रकाश अर्याल
प्रकाश वियोग मगर
प्रकाश मगर सम्झना
प्रकाश सापकोटा
प्रतीक सग्रामी
पूजा पोखे्रल
पुरन वियोग
रवीन्द्र भट्टराई
राज पौडेल "एकान्तप्रेमी"
राजेन्द्र अर्याल
राजेश पाठक
रमेश गौतम
रमेश क्षितिज बराल
रमेश रसिक
रामशरण श्रेष्ठ
रश्मि रोदन
रोहित शाही
सागर भण्डारी "विभोर"
साहस भट्ट
"सहयोगी" रविन
समिर चौलागाईं
सन्जय फाउन्डफेल्डर
सानुबाबु मल्ल
सरिता थापा मगर
शिला कार्की
शुभद्रा ढकाल
शुद्धव श्रेष्ठ
स्मृति मोक्तान
सुमन स्मारिका
थापा थकित
उमेश विद्रोही
यात्री प्रकाश पाण्डे
युनिक प्रदीप बि सी



परिवर्तन सरगम साहित्य प्रतिष्ठान, नेपाल

क्र.सं स्रष्टाको नाम	क्र.सं स्रष्टाको नाम	क्र.सं स्रष्टाको नाम
१. सनत कुमार वस्ती	३२. जीविका खतिवडा	६३. रचना रचु
२. मानन्धर "अभागी"	३३. जीवन थापा	६४. राई बाबुराम
३. विपुल सिजापति	३४. कविराज मगर	६५. राजेन्द्र खड्गी
४. "अभागी" मुकेश	३५. कालिकोटे अनिश	६६. राजकुमार भुजेल "साजन"
५. अलिशा पौडेल	३६. कल्पना पौडेल "जिज्ञासु"	६७. राम बिरही पौडेल
६. भगवती पुरी	३७. काल्पनिक केसी	६८. राम रिमाल
७. बाबुराम सागर	३८. कमल अर्याल "धादिङे"	६९. राम शरण सापकोटा "आर्यस"
८. भरत थापा	३९. कमल सरगम	७० राम शरण श्रेष्ठ
९. भवानी अधिकारी नेपाल	४०. कान्छो (भूपेन्द्र आचार्य)	७१. रमेश अधिकारी
१०. विवेक गोले	४१. कपिल लामिछाने	७२. रमेश रसिक
११. विकास अधिकारी "शैलपुत्र"	४२. करूणा मगर राई	७३. रामेश शर्मा
१२. विमला दाहाल (विमु)	४३. केहर सिंहँ खासु मगर	७४. रश्मी लामिछाने
१३. विमला शर्मा ढुंगाना	४४. कुमार काफ्ले	७५. रितु सुवेदी
१४. वीरेन्द्र भाई	४५. लवहरि ढुंगेल "असफल"	७६. रोजिना लामा
१५. विष्णुदीप "सङ्कल्प"	४६. लक्ष्मण सिजापति "घायल"	७७. रोशन दाहाल
१६. चक्र बाबु चन्द	४७. लक्ष्मी श्रेष्ठ	७८. सविन खड्का
१७. दामोदर ढकाल	४८. लोकेन्द्र देउवा	७९. सविना अधिकारी
१८. दीपक अधिकारी "चञ्चल"	४९. मधु पोखरेल	८०. सगिना थापा मगर
१९. धनगिरी फडेरा	५०. महेन्द्र क्षितिज	८१. संन्दिप अधिकारी सहयात्री
२०. धर्मराज न्यौपाने	५१. मानन्धर रेखा "काली"	८२. संगम अधिकारी "घायल योद्धा"
२१. डिल्ली प्रसाद चापागाइँ	५२. मिलन रोकाया	८३. सन्तोष देवकोटा
२२. दिलकुमार कार्की "अभागी"	५३. मोहन भुसाल	८४. सपना घिमिरे
२३. दिनेश दाहाल	५४. मोहन श्रेष्ठ	८५. शिरीष फुयाल
२४ दिपक आचार्य "जलन"	५५. मुकुन्द शर्मा चालिसे	८६. सुरेश प्रसाद अर्याल
२५. दिपेश योगी	५६. नवीन संघर्ष	८७. सूर्य बहादुर थापा
२६. गोवर्धन पूजा	५७. निरीह राजेन्द्र	८८. सुस्मा नेपाल
२७. गोविन्द लामिछाने	५८. न्याउली केशव पाण्डे	८९. तारानाथ भण्डारी
२८. हरिशरण अर्याल	५९. प्रकाश 'पुष्पक' राई पुमा	९०. थापा थकित टलक
२९. इन्द्र संगीत बुढाथोकी	६०. प्रतिमा के सी	९१. टीका खड्का "राष्ट्रप्रेमी"
३०. ईश्वर कुमार	६१. प्रीन्स याक्खा "प्यासी"	९२. तुलसी नारायण चित्रकार
३१. जय बुढाथोकी	६२. पुरु प्यासी	९३. वास्तविक मानव

सम्पादकीय

आफ्ना मनका भावनालाई सशक्त रूपमा गजलका शेरहरू मार्फत् अभिव्यक्त गर्नु कठिन काम हो । त्यसैले प्राप्त भएका सबै गजलहरूलाई समावेश गर्ने जमर्को गरिएको थियो । कतिपय गजलकारका फोटो उपलब्ध नभएकोले फोटो राख्न सकिएन । पत्रिका तयार गर्ने क्रममा गजलको सङ्ख्यालाई प्राथमिकता दिने कि गुणस्तरलाई भन्ने कुरामा दुविधा रह्यो । यस विषयमा अग्रज तथा पाठकवृन्दबाट समय सापेक्ष सल्लाह तथा सुझाव पाउने अपेक्षा गरिएको छ ।

गजलहरू सम्पादन गर्ने क्रममा भावमा असर नपरोस् भनी आंशिक एवम् भाषिक सम्पादन मात्र गरिएको छ । प्रायःजसो गजलहरू युनिकोडमा थिए भने त्यसलाई नेपाली फन्टमा बदल्दा केही समस्या देखिए । त्यसबाहेक भाषा, व्याकरण आदिको शुद्धाशुद्धि पनि गर्नु पर्ने देखियो ।

अर्को सोचनीय विषय पनि हाम्रो सामु आयो । एक मित्रले फोनमा भनिन् 'म त गजल लेख्दिनँ । अरू विधा पनि समावेश हुन्छ भने रचना पठाउँछु ।' 'समर्पण' गजल पत्रिका हो र हालसम्म गजललाई मात्रै स्थान दिँदै आएको छ । 'तपाईं साहित्यमा लागेको मान्छे, गजल पनि लेख्नुस् न । बरू म तथा संस्था तपाईंलाई गजल लेख्न सक्दो सहयोग गर्न तत्पर छौं ।' भनेर टारें । सायद वहाँले कुरा बुझ्नु भयो । यो गहन विषयलाई मैले संस्थाको बैठकमा पनि उठाएको थिएँ । हाललाई यो विषय मत्थर भए जस्तो लागे पनि यत्तिकैमा मात्रै सीमित हुँदैन । साहित्यको सम्बर्धन तथा विकासमा केही टेवा दिने मनसायले साहित्यिक क्षेत्रमा लागेका व्यक्ति तथा संस्था हौं हामी । त्यसैले अरू विधाहरूलाई पनि कसरी समाविष्ट गर्न सकिन्छ भनेर सोच्ने समय आएको छ । 'समर्पण' गजल पत्रिका हो भने अरू छुट्टै अङ्क वा विशेषाङ्क प्रकाशन गर्ने वा 'समर्पण' मै अरू विधाहरू पनि थप्ने ? यस विषयमा अहिले नै निर्णय गर्न गाह्रो छ । आशा गरौं, आउँदा दिनमा अवश्य केही ठोस निर्णय हुनेछ ।

'समर्पण'को प्रधान सम्पादक नियुक्त हुनु, सम्पादन गर्न पाउनु र डिजाइन गर्न पाउनु मेरो सौभाग्य एवम् गौरवको विषय हो । अग्रज गजलकारहरूको हौसला तथा प्रेरणा प्रति कृतज्ञ छु । विज्ञापनदाताहरूको सहयोगको लागि हार्दिक धन्यवाद नदिइ रहन सक्दिनँ । आफ्नो अमूल्य रचना पठाई सहयोग गर्नु हुने स्रष्टाहरूप्रति पनि आभारी छु । संसारका विभिन्न भूभागमा रहेर हाम्रो साहित्यिक यात्रामा सहभागी हुनु हुने सबै जना धन्यवादका पात्र हुनु हुन्छ । संस्थासँग आबद्ध महानुभावहरू लगायत प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु । पाठकवृन्दको सहभागिता पनि हाम्रा लागि महत्त्वपूर्ण प्रेरणाको स्रोत हो । तसर्थ, यहाँहरू पनि धन्यवादका पात्र हुनु हुन्छ । अन्त्यमा, यहाँहरूबाट सल्लाह तथा सुझावको अपेक्षा राख्दै आशन्न नव वर्ष २०७३ को हार्दिक शुभकामना सहित ।

तुलसी नारायण चित्रकार
प्रधान सम्पादक
२०७२ फाल्गुण १५ गते ।

स्रष्टा स्मृति गजल



मेतिराम भट्ट

यता हेर्‍यो यतै मेरा नजर्मा राम प्यारा छन्
उता हेर्‍यो उतै मेरा नजर्मा राम प्यारा छन् ।

यसो भन्छौ त फल्फुल्मा उसो भन्छौ त जल्थल्मा
जता हेर्‍यो उतै मेरा, नजर्मा राम प्यारा छन् ।

त्रिलोक चौधै भुवन् माहाँ प्रभु प्यापक जहाँ ताहाँ
कहाँ सम्मन भनूँ याहाँ सबैमा राम प्यारा छन् ।

रसीलो रामको नाउ भजन् तिन्को सधैं गाउ,
दरस्मो हर्बखत पाउ दयालू राम प्यारा छन् ।

पियारा भै हरी मेरा सधैं मन्मा रहुन् डेरा,
सबै संसारले भन्छन् र मोतीराम प्यारा छन् ।

अन्तर्वार्ता



नेपाली गजलको विकासमा लामो समयदेखि लागीरहनु भएका गजलकार ज्ञानुवाकर पौडेल, एक सशक्त गजलकार हुनु हुन्छ । नेपाली गजल इतिहासको जगेर्नामा आफूले दिएको योगदान र गजल के हो भन्ने विषयमा 'समर्पण' गजल पत्रिकासँग कुराकानी गर्नु भएको छ । 'समर्पण' पत्रिकाका सम्पादक कमल सरगमले उहाँसँग लिएको यस अङ्कको विशेष अन्तर्वार्ताः

प्रश्नः स्वागत छ तपाईँलाई समर्पणको यो अङ्कमा ज्ञानुवाकर जी ।

ज्ञानुवाकरः तपाईलाई पनि धन्यवाद, सम्झनु भएकोमा ।

प्रश्नः हिजोआज केमा व्यस्त हुनुहुन्छ ?

ज्ञानुवाकरः व्यस्त हैन, अस्तव्यस्त छु र फुर्सद पनि छैन । लेखाइ अनियमित छ । दिनचर्या चैं नियमित छ ।

प्रश्नः तपाईँको साहित्यिक पृष्ठभूमिको केही जानकारी दिनुस् न ।

ज्ञानुवाकरः मेरो लेखनको सुरूवात २०३० सालको "विदेह" पत्रिकामा छापिएका केही टिप्पणीमूलक लेखहरू, मुक्तकहरू, अनुदित साहित्यहरूबाट भएको हो । त्यसपछि नगेन्द्र राज शर्मा, रोचक घिमिरे, भवानी घिमिरे, वासु रिमाल यात्री, परशु प्रधान, जगदीश घिमिरेसँगको सगत बढ्दै गएपछि उहाँहरूले आयोजना गरेका साहित्यिक गोष्ठीहरूमा सुनाइएका गजलहरू २०३५ सालमा अभिव्यक्ति रूपरेखाहरूमा छापिएका थिए । मेरा ती गजलहरू पाठकबाट रूचाइएपछि म गजललाई प्राथमिकता दिएर सिर्जनात्मक कार्यमा आजसम्म निरन्तर लागिरहेँ ।

प्रश्नः तपाईँ लामो समयदेखि गजललाई आफ्नो लेखनको पाटो बनाएर अगाडि बढिरहनु भएको छ । अहिलेको गजलको स्तरलाई कसरी हेर्नुभएको छ ?

ज्ञानुवाकरः अहिलेको लेखनको स्तरलाई म सकारात्मक रूपमा हेरिरहेको छु । सकारात्मक किनभने अब जस्तो पाए उस्तै गजल लेख्न हुन्न भन्ने जागरूकता, सचेतता गजलकारमा बढेको देखिन्छ । अहिलेको गजलमा "पोएटिक फ्लेबर" आउन थालेको छ । गजलमा अभिव्यक्त विचारहरूबाट पढ्नेले मानसिक तिर्खा मेटिएको महसुस गर्न थालेका छन् जसले गर्दा लेख्नेको सङ्ख्या घटेको छ, तर गजलको लोकप्रियता भने बढेको छ । तथापि पूर्ण सन्तुष्ट हुने अवस्था छैन । उत्साहजनक स्थिति चैं छ ।

प्रश्नः मोतीराम भट्टले खोलेको गजलको राजमार्गलाई तपाईँहरूले कसरी फराकिलो बनाउँदै आउनु भएको छ ?

ज्ञानुवाकरः हामी जुन कालखण्डमा थियौँ, त्यो कालखण्डमा अभिव्यक्तिको स्वतन्त्रता थिएन र पनि आफू बाँचेको समयलाई हामीले प्रतिबिम्बित र प्रतिध्वनित गर्न छाडेनौँ । त्यो बेला त्यस्तो बलियो विचारका गजलहरू कसरी लेखिए होलान् भनेर छक्क पर्छु । हामीले लेख्दा

पत्रपत्रिकामा नाम छापिएको देख्ने रहरले मात्र वा कवि बन्ने रहरले मात्र पनि लेखेनौँ । गजलको संस्थागत विकास र स्थायित्वको लागि प्रतिबद्ध रह्यौँ र यसको "रेस्पोन्स" पनि हामीले समाजबाट राम्रै पायौँ ।

प्रश्नः हाम्रो आम पाठकलाई प्रस्ट पारिदिनुस् न तपाईँको विचारमा गजल के हो ? गजलको सुरूवाट कहाँबाट भयो ?

ज्ञानुवाकरः अब यस बारेमा धेरै सिनियर गजलकारहरूका भनाइहरू, लेखहरू आइसकेका छन् । गजलको संरचनाबारे धेरै युवा गजलकारहरूमा कुनै भ्रम छैन । अब समयको माग के हो भने गजलभित्र अनुभूतिको गहिराइ हुनु पर्‍यो । गजलमा विचारको "फुलझडी" देखाउन सक्नु पर्‍यो गजलकारले । भावुकताको निम्नस्तरीय प्रस्तुतिमा रमाउनु भएन । लेख्नेले सामाजिक दायित्वबोध गरेर लेख्नु पर्‍यो । त्यसो गर्न सके अन्य विधाका स्रष्टाले गजललाई हेय आँखाले हेर्ने छैनन् । गजलको सुरूवात कहाँबाट भयो भन्ने प्रश्न छ, यसबारे पनि प्रशस्त चर्चा भैसकेका छन् । यस्तो कुरामा भन्दा पनि गजललाई कसरी गुणस्तरीय बनाउने, प्रभावशाली बनाउने, लोकप्रिय बनाउने भन्नेतिर सबै गजलकारहरूको ध्यान जानु पर्‍यो । हामी धेरै निर्थक कुरामा अल्मलिएर गजललाई सशक्त विधा बन्ने बाटोमा आफै बाधा भैराखेका छौँ ।

प्रश्नः तपाईँको कलम गजलभन्दा बाहिर किन कम ?

ज्ञानुवाकरः जुन गजल विधाले मलाई पहिचान दियो, चिनारी दियो, नाम दियो, यही विधामा निरन्तर लागिरहँदा धेरै इष्टमित्रहरू कमाएँ । देशका लगभग सबै जिल्लाहरू पुग्न पाएपछि धेरै विधामा किन हात हाल्नु पर्‍यो ? भूपी कवितामै बाँचिरा'छन्, मैनाली कथामै बाँचिरा'छन्, म त मुक्तक विधामा पनि लागिरहेको छु । धेरै युवा साथीहरूलाई "प्रोमोट" गरिराखेको छु । म गजलमा मात्र कहाँ खुम्चिरहेको छु र ? तपाईँहरूले गरिरहेका कार्यक्रमहरूमा पनि पुगिरहेको छु ।

प्रश्नः गजलमा मै राज गर्छु भन्ने केही गजलकारहरू प्रति तपाईँको भनाइ के छ ?

ज्ञानुवाकरः यसमा मेरो भनाइ के छ भने अहंकार र अन्धकारको कुनै अस्तित्व हुँदैन । अहंकार ज्ञानको अनुपस्थिति हो । अन्धकार प्रकाशको अनुपस्थिति हो । जहाँ उज्यालो हुन्छ, त्यहाँ अन्धकार टिक्दैन । मान्छेले अन्धकार देखाउनुको अर्थ त्यो अज्ञानता रहेछ भन्ने बुझ्नु पर्‍यो । जो सच्चा स्रष्टा हो ऊ केवल सिर्जनशील काममा लागिरहन्छ । अहंकार देखाउने ती अनावश्यक टीकाटिप्पणी जस्ता निकृष्ट काममा लाग्नु हुँदैन ।

प्रश्नः अन्तिममा गजल पत्रिका समर्पणप्रति, केही छन् भन्नै पर्ने र सुधार्नु पर्ने विषयहरू ?

ज्ञानुवाकरः तपाईँहरूको यो रचनात्मक सक्रियता देख्दा हामीले पनि आफ्नो समयमा गरेको यस्तै कामको याद आउँछ । तपाईहरूको यो कामले धेरै उदाउँदो प्रतिभालाई मलजल गरिरहेको, ती प्रतिभाभित्र लुकेर रहेको "ट्यालेन्ट"लाई मलजल गर्न सघाएको मैले अनुभव गरेको छु । भोलिका दिनमा गजल र मुक्तक जस्ता सशक्त विधाहरू अरू स्तरीय रूपमा खारिएर, तिखारिएर र परिष्कृत भएर देखा पर्ने छन् भन्ने मैले आशा गरेको छु । ●●●

पत्थरैको छ दिल, रून्छ कि तैपनि
प्यारको दर्दले, छुन्छ कि तैपनि

मनमा मैलो छ, रोएर पो हुन्छ के ?
आँशुको धारले, धुन्छ कि तैपनि

यार तिम्रो कुरै, सुन्न मान्दैन ऊ
हुन्छ बिन्ती गरौँ, सुन्छ कि तैपनि

बुझ्न त यी कुरा, केही बुझ्दैन ऊ
भन्दिनू मनमनै, गुन्छ कि तैपनि

कोसिसैमा सनतको बित्यो जिन्दगी
फेरि कोसिस गरौँ, हुन्छ कि तैपनि



सनत कुमार वस्ती

मेरै गीत गाएछौ रे तिमीले त्यो महफिलमा
यस्तो गरी तीर चलायौ तिमीले मेरो दिलमा

अदालत स्वच्छ छवि श्रीमान् जज सा"बले
खोट देखाइ दियो रे तिमीले गरेको अपीलमा

आफूले आफूलाई हेर राजकुमार ठान्दो हो
नजर माथि नजर परेछ हेर हुलचिलमा

हिमाल जस्तो छाती भा"को तर, रिसको भण्डार
सवाल जो उठेछ यहाँ तिम्रो त्यो सहनशीलमा

मेरै गीत गाएछौ रे तिमीले त्यो महफिलमा
यस्तो गरी तीर चलायौ तिमीले मेरो दिलमा



मानन्धर अभागी
हालः साँखु, काठमाडौँ

बैरीको बात लगाई अनजान भन्दे हुन्छ
पत्याउने जतिलाई, बेइमान भन्दे हुन्छ

तिमी सम्झिँदै भरेका मेरा शेरका जवानी
सौताको स्पर्शको फोस्रो छिः बखान भन्दे हुन्छ

यो अधरको हाँसोसँगै गुञ्जे नि नूपुर मेरा
या मुटुको चाल पनि सुनसान भन्दे हुन्छ

न त बाँच्यो चाह मेरो न घट्यो हैँला नै तिम्रो
मेरो हैन तिम्रो भाग्य बलवान् भन्दे हुन्छ

ओठले चुमेर प्याला भुइँमा खसाली हेर्नु
सयौँ टुक्रा शशी देखे अवसान भन्दे हुन्छ



विपुल सिजापति

जति हतियारको धारले मुख मिठ्याइ रहेछ
उस्ले त्यति पत्थरमा हतियार उध्याइ रहेछ

फैसला सुनाउनु अघि यो कुरा सोच्दै सोचिएन
कठघरामा उभिएको कैदी किन चिच्याइ रहेछ

मैले जस्का लागि सबथोक त्यागी हिडेको थिएँ
आज उसैले बाटो भरी काँडा बिछ्याइ रहेछ

म अन्तिम पटक निदाउनेछु सधैँका लागि
किनकि मेरो यो मुटु कसैले टुक्याइ रहेछ

तिम्रो केही दोष छैन अभागी नाजुक हुनुमा
अभागीलाई यो समयले नै लत्याइ रहेछ



अभागी मुकेश
कैलाली
हालः साउदी अरब

आज फूल हिजोका कोपिला भएका छन्
आज फल हिजोका चिचिला भएका छन्

म जहाँ मानवताको पूजा गर्छु भन्थेँ
त्यो मन्दिरमा ईश्वर शिला भएका छन्

मान्छेहरू भएछन् अल्छीका प्रतिमूर्ति
यहाँ परिश्रमी त कमिला भएका छन्

गाउँ गाउँमा कच्ची सडक पुगेपछि
नुन तेल ल्याउन सजिला भएका छन्

यो कारण शिक्षाको महत्त्व घटेको हो
चिट चोर्नेहरू नै पहिला भएका छन्



एलिसा पौड्याल
नर्जामण्डप ७, डोटेलबेसी, नुवाकोट
हालः काठमाडौँ

माया गर्ने सबै मान्छे कहाँ आफ्नो हुन्छ ?
सोचे जस्तै सबै पाएमा को किन रून्छ ?

बाहिर हाँस्नलाई म हाँसेकै छु हजुर
मनभित्र रोएको आवाज कस्ले सुन्छ ?

दुनियाँले टेकी हिड्ने यही भूमिमा हो
तैपनि मन उडी निलो गगन छुन्छ

यथार्थ र बाध्यताले थिचिरहेको छ
थाहा छैन व्यर्थै मन के सपना बुन्छ ?

नभन्नू है मलाई आँखामा छौ तिमी त
हो, रोएमा अश्रुले मलाई पनि धुन्छ



भगवती पुरी
सानागाउँ, सिम्ले – ५ रामेछाप,
हालः काठमाडौँ

समय नै हो रहेछ लाटो बनाउने बाठो बनाउने
कहिले मोटोघाटो र कहिले टाटोभाटो बनाउने

यहाँ छालाको रंगमा स्खलित हुनेहरू याद गर्नू
कसैको हात छैन गोरो बनाउने कालो बनाउने

भाग्यमा छ भन्दैमा डोकोमा दुध भरिँदैन हजुर
मेहनतले भन्छ सजिलो बनाउने गाह्रो बनाउने

मान्छेहरू सधैँ बोलेको कुरामा विश्वास गर्छन्
व्यवहारले बोल्छ बेवास्ता वा चासो बनाउने

यहाँ जातले माथिल्लो, तल्लो छुट्याउँछ यार
कामले छुट्टिन्छ ठुलो बनाउने सानो बनाउने

तिमी किन खोट लगाउँछौ सृष्टिको सिर्जनामा
उहीँ नै जान्दछ छेपारो बनाउने माछो बनाउने

आआफ्नो स्वार्थको प्रयोगले निर्धारण गर्दछ
सम्बन्धहरू चिसो बनाउने कि तातो बनाउने

खाने मुख चलाउने हातसँगै भएपछि पुर्खाले
आफै सिकेका हुन् कुटोसँगै कोदालो बनाउने



बाबुराम सागर
बरदादेवी १, अछाम
हालः काठमाडौँ, नेपाल

बिउँझिएर आधि रातमा के सोचिन्छ खै
अविरल आँसुको वर्षातमा के सोचिन्छ खै

न प्रश्न छ न उत्तर मौन र स्तव्ध
समाएर उनको हातमा के सोचिन्छ खै

रगत र सासमा पनि विभेद देख्छ समाज
मान्छेले मान्छेको जातमा के सोचिन्छ खै

मिहेनत र पसिना बगाउनेहरू माली बन्नुपर्छ
गरिब र निमुखाको औकातमा के सोचिन्छ खै

पत्थरभन्दा बरू गुलाफ घातक हुन्छ
सराब पिएको मातमा के सोचिन्छ खै



भरत थापा
पुफा ३ थुम्का, सिन्धुली
हालः दक्षिण कोरिया

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

म हारेको मान्छे जित बन्दैन मेरो
भाग्यमा रहेन प्रीत बन्दैन मेरो

दाउरा बलिसक्यो खरानी बाँकी को
घसेर निधार मित बन्दैन मेरो

चहार्दै परदेशमा बिताएँ यौवन
तुहिने सम्झौता हित बन्दैन मेरो

ठक्कर खान्छ न जोगिएर यो मन
जलन दिएर शीत बन्दैन मेरो

जीवन काँडा बीच फुल्ने फूल जस्तो
फक्रियो नझर्ने रीत बन्दैन मेरो

जन्मदेखि मृत्युसम्म लेखिसकेको
जीवन कथा यो गीत बन्दैन मेरो



भवानी अधिकारी नेपाल
गजुरी, धादिङ
हालः इजरायल

गरेर माया हतारमा अहिले पछुताएँ
पिटेर झ्याली बजारमा अहिले पछुताएँ

संसारकै नमुना जोडी बनाउँछु भनी
छापेर समाचार अखबारमा अहिले पछुताएँ

जता धन उतै मन गर्ने निष्ठुरीलाई
ठानेर आफन्त बेकारमा अहिले पछुताएँ

अँगार भन्दा कालो मन हुने रूपसीलाई
देखेर चमक अनुहारमा अहिले पछुताएँ

सही या गलत छुट्याउन विवेक नपुग्दा
फसेर प्रेमको जञ्जालमा अहिले पछुताएँ



विवेक गोले
रामेछाप
हालः दक्षिण कोरिया

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

समयको आँधीहुरीले बत्याउनुमा खतरा छ
हेर्दा सबै आफ्नै लाग्छन् पत्याउनुमा खतरा छ

सर्पको जातै डस्ने हो गान्धी बन्दैन त्यो
दूध खुवाई पालेर मत्याउनुमा खतरा छ

बाँचुन्जेल नि नटुङ्गिने अंश मुद्दा लाग्ला
भाइ सोझो सम्झी सबै हत्याउनुमा खतरा छ

ख्याल ख्याल पनि कहिले त साँच्चै हुन सक्छ
मजाकमै पनि सही अत्याउनुमा खतरा छ

आजको कवाडी भोलि करोड बन्न सक्छ
सम्झूँ शैलपुत्रलाई लत्याउनुमा खतरा छ



विकास अधिकारी "शैलपुत्र"
नगरकोट न. पा. ९, भक्तपुर
हालः कपिलवस्तु

बाँधिएका बन्धनहरू फुकाउनु छ
अनि सबै सम्बन्धहरू टुटाउनु छ

नपठाऊ उपहारहरू अब मलाई
भएका उपहार फिर्ता पठाउनु छ

झस्किन्छु तिम्रा तस्बिरहरू देखेर
त्यसैले त्यी तस्बिरहरू जलाउनु छ

गहभरी आँसु बोकेर तिम्रै सामु
बनावटी मुस्कान देखाउनु छ

बाँधिएका बन्धनहरू फुकाउनु छ
अनि सबै सम्बन्धहरू टुटाउनु छ



विमला दाहाल (विमु)
धादिङ

बनाएर गाउँलाई सहर बिस्तारै
पूरा गर्छु तिम्रा सारा रहर बिस्तारै

विश्वास गर प्रिय मलाई दिने छैन धोका
रोक्न सक्छु आँसुका ती नहर बिस्तारै

अमृतै हो भन्छन् माया पिउन जानेदेखि
निकाल्ने छु त्यो मुटुको जहर बिस्तारै

वसन्तको बहार बोकी आएँ तिमी सामु
तिम्ले पनि लिनु मनमा ठहर बिस्तारै

ईश्वरको सृष्टि पनि अपार छ यहाँ
आउँछ पक्कै खुशीको लहर बिस्तारै



विमला शर्मा ढुंगाना
रानीगञ्ज – ३, सर्लाही

कसले सुन्छ विक्षिप्त, बोली प्रवासीको
बग्छ सँधै आँसु धारा, खोली प्रवासीको

स्वप्न देख्छ नयाँ उषा, खुसी बोकी आउँला
झुल्किँदैन नौलो किरण, भोलि प्रवासीको

चाहनाका पहाड थप्ने, आफन्त नै हुन्छन्
कस्ले बुझ्ने भावनालाई, घोली प्रवासीको

गुलामीमा लाग्दा आफू, कर्तव्य हो ठानी
निशानीमा बन्छन् सँधै, गोली प्रवासीको

दसै नङ्ग्रा घोटाउँदै, हजार दुःख झेल्दा
मातृभूमि फिर्दा रित्तो, झोली प्रवासीको

'वीरेन' जस्ता हजारौँको, पुकार सुन्छस् भने
वेदनाको उठा दैव, डोली प्रवासीको



वीरेन्द्र भाइ
खोटाङ
हालः साउदी अरब

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

सँधै कत्ति रून्छौ सफल भैदिए पो
तिमी सोच्दछौ जे असल भैदिए पो

रमाऊ खुशीले सजाएर दिलमा
दिएको छु माया अटल भैदिए पो

म रोएँ न कैल्यै न हाँसेँ म कैल्यै केही
छैन मनमा दखल भैदिए पो

म तिम्रै हुँ भन्दै कराएँ सधै नै
तिमीबाट यस्तै पहल भैदिए पो

न बिर्से हुनेथ्यो म साछी छु तिम्रो
सदा 'दीप' को झै अकल भैदिए पो



विष्णुदीप "सङ्कल्प"
अध्यक्ष, नमस्ते साहित्य परिषद,
ओखलढुङ्गा

(वहरः मुतकारिव मुसम्मन सालिम)

श्रम स्रोत घटाएर के गर्छस् सरकार ?
युवा खाडी पठाएर के गर्छस् सरकार ?

आफ्नै सन्तान त असुरक्षित छन यहाँ
शान्ति सेना खटाएर के गर्छस् सरकार ?

रक्ताम्य बनाएर देशका किल्लाहरू अनि
हातमा झन्डा उठाएर के गर्छस् सरकार ?

कहिले मधेस उचाल्छस् त कहिले तराई
नेपालमा नेपाली लडाएर के गर्छस् सरकार ?

त्रास यात्रामा शोकमा डुब्छ कर्णाली सधैँ
मोटर गाडीहरू चडाएर के गर्छस् सरकार ?

स्कुले बालबालिका सडकमा पु¥याएर
लाठी, डन्डा ठटाएर के गर्छस् सरकार ?



चक्र बाबु चन्द
सल्लेरी – ७ डाँडागाउ, दैलेख
हालः पुना, महाराष्ट्र, मुम्बई, भारत

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

बगैचामा फूलेका ती सुन्दर सुन्दर फूलहरू
हर्ष अनि उमङ्गका हर्षाश्रुका मूलहरू

म त नाच्छु सधैँ प्रिय प्रकृतिको शान हेर्दै
हुर्कँदै छन् तोते बोल्दै साना हाम्रा कूलहरू

साना अब ठूला हुन्छन् जब बोली धोद्रे हुन्छ
हाम्रो घर नि रगिंनेछ टाँगिने हुन् तुलहरू

घरमा हामी बुढेसकालमा जब लट्ठी टेक्ने गर्छौं
बिर्सने छौं सारा हामीले जवानीका भुलहरू

बगैचामा फूलेका ती सुन्दर सुन्दर फूलहरू
हर्ष अनि उमङ्गका हर्षाश्रुका मूलहरू



दामोदर ढकाल "दीपक"
याकु ७, भोजपुर

उनले मलाई छोडेको बाध्यतामा हुन सक्छ
अझै पनि मेरो फोटो ती आँखामा हुन सक्छ

धेरै देखे प्रेमील जोडी फूलसँग रमाएको
मायाको थोरै सुवास कोपिलामा हुन सक्छ

विद्युत् ल्याई चकमन्न पार्छु भन्छन् मन्त्रीज्यूले
कि त भूट, कि त शक्ति यो हावामा हुन सक्छ

मान्छेहरू मन्दिरमा रून्छन् अनि कराउँछन्
पक्कै पनि ठूलो राज ती ढुंगामा हुन सक्छ

सोच्न बाध्य बनाएर छोडेकी छन् प्रियसीले
केही कमी विश्वासमा केही मायामा हुन सक्छ



दीपक अधिकारी "चञ्चल"
सन्धिखर्क ५, अर्घाखाँची

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

यो जमाना कस्तो अनौठो छ
आफै मृत्यु खोज्नु परेको छ

बाले भनेको बल्ल याद भयो
त्यसैले हातमा सिलौटो छ

उठाऊँ कसरी हतियार
ऊसँग सम्बन्ध पुरानो छ

आफू नखाई जे खान्छ देऊ
नानीहरूको आयु लामो छ

यो जमाना कस्तो अनौठो छ
आफै मृत्यु खोज्नु परेको छ



धनगिरी फडेरा "आफन्त"
स्युना ६ ओखलढुङ्गा
हालः मान्म ५, कालिकोट
९८४८३२०५०५

अलि थप्न यार मात्तिनु छ गाउँघरतिर
केही दिनु छ केही लिनु छ गाउँघरतिर

म यो सहर पसेपछि ठुलो भैसकेको छु
टाउको ठड्याएर उभिनुछ गाउँघरतिर

कति नेतालाई मात्र सम्मानपत्र दिन्छन्
शिक्षा र शिक्षक समेटिनु छ गाउँघरतिर

म आजित भैसकैँ यो राजधानीदेखि
उतै हराउनु छ खुम्चिनु छ गाउँघरतिर

अलि थप्न यार मात्तिनु छ गाउँघरतिर
केही दिनु छ केही लिनु छ गाउँघरतिर



धर्मराज न्यौपाने
लम्की, कैलाली
आर आर क्याम्पस
एम ए अंग्रेजी दोस्रो वर्ष

जिन्दगानी बित्न थाल्यो आजभोलि गन्दागन्दै
पैह्रो आयो अचानक हिंड्ने बाटो खन्दाखन्दै

नाफा नोक्सान जोड्दाजोड्दै जीवन व्यापार भयो
बाजी सबै हारी सकैँ भाग्यको खेल भन्दाभन्दै

भविष्यलाई सोच्दासोच्दै वर्तमानमा हार भयो
कल्पनाका महलहरू भत्की गए बन्दाबन्दै

तड्पिएर दिनरात तिम्रै निम्ति बाँच्नु पर्दा
बैश पनि ढली सक्यो प्रतिक्षामा बस्दाबस्दै

जिन्दगानी बित्न थाल्यो आजभोलि गन्दागन्दै
पैह्रो आयो अचानक हिंड्ने बाटो खन्दाखन्दै



डिल्ली प्रसाद चापागाई
हालः काठमाडौं

गएन यो मनको पीडा जति आँसु बगाए'नि
सकिन म छुट्टिनलाई तिम्ले बचन लगाए'नि

फुल्नु पर्ने हाम्रो माया सुक्दै गयो तर पनि
बोट मासिन सकेन खै जति किरा जगाए'नि

मर्न बरू राजी छु म सक्दिनँ छुट्टिएर बाँच्न
तिमीबाट छुटाउनलाई यमराज नै मगाए'नि

यो माया गलत सावित गराउन झुठो बोल्लान्
सत्य कहिल्यै डग्दैन जबरजस्ति नै डगाए'नि

चाहे तिम्ले राम्रो सोच चाहे मलाई गलत सोच
म त तिम्रै गुनगान गाउँछु सानू तिम्ले नगाएनि



दिलकुमार कार्की "अभागी"
भिरकोट ६, दोलखा
हालः मलेसिया

अचेल ऊ सधैँ उपहार लिएर आउँछे
प्रेमको प्रस्ताव बारम्बार लिएर आउँछे

नादान जरूर भएको छु प्रेमको मामलामा
बैशालु उसको अनुहार लिएर आउँछे

उसका गाजलु आँखाहरू कुन्नि के खोज्दैछन् ?
ऊ झरीमा पनि बेग्लै बहार लिएर आउँछे

के देखी उसले मभित्र आफै मरेको छु म
झनै मार्न गुलाबको हतियार लिएर आउँछे

उसका सरल कुराहरू त म बुझ्न सक्दिनँ
ऊ संसार बदल्ने विचार लिएर आउँछे



दिनेश दाहाल
उग्रचण्डी नाला, ७ काभ्रे

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

बाँचुन्जेल जिन्दगी मृत्युको डरमा जान्छ
जाने बेला भने सुटुक्क पल भरमा जान्छ

मिठो खाने अनि राम्रो लगाउने सपना पनि
हामी गरिबहरूको रहरै रहरमा जान्छ

निस्कर्ष निस्कियो लोग्ने मान्छेको आँखा
प्रायः अनुहार छाती र कम्मरमा जान्छ

जब म तिमीलाई हेर्छु तब तिम्रो तस्बिर
सिधै यो मुटुमा जान्छ, नजरमा जान्छ

बाढीमा आमा गुमाएको छोरा अझै पनि
आमा खोज्दै नदीमा जान्छ, बगरमा जान्छ



दिपक आचार्य "जलन"
बर्दिया
हालः कुवेत

किन विकास बढी र कम छ
कतै सुगम कतै दुर्गम छ

कतिन्जेल सौतेनी व्यवहार
काखा अनि पाखा एकदम छ

सुविधाले उस्तै मेरो कर्णाली
यता शून्य अन्त धमाधम छ

उहिलेदेखि दुख्दै आ'को घाउ
गतिलो ओखती न मलम छ

जुटौ आफै योगीहरू हाम्लाई
प्यारो रारा, रिग्माको कसम छ



दिपेश योगी
सोनपुर ९, बाँके
हालः दार्खा, धादिङ

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

जिन्दगी त जसोतसो चलेकै छ, चल्नुपर्छ
अन्तिम सत्य, चिन्ता लाग्छ, चितामाथि जल्नुपर्छ

सबैलाई कहाँ मिल्छ मैदानको बागवानी
कुनाकानी, डाँडाकाँडा, भिरपाखा फल्नुपर्छ

नखाएको विष पनि लाग्छ भन्छन् कहिलेकाहीँ
आउन सक्छ आँधी हुरी जतनले छल्नुपर्छ

बाँचुञ्जेलको लुछाचुडी आखिरमा खरानी हो
बिना दोष सलाईको काँटीसरी बल्नुपर्छ

जिन्दगी त जसोतसो चलेकै छ, चल्नुपर्छ
अन्तिम सत्य, चिन्ता लाग्छ, चितामाथि जल्नुपर्छ



गोवर्धन पूजा
बोस्टन, अमेरिका

जस्लाई मनमा सत्कार हुन्छ
त्यसैको भूमिका गद्दार हुन्छ

अचेल फूलको जमाना छैन
मायामा काँडाको उपहार हुन्छ

गुनासो रहेन पिँजडासँग
दिलमै अनौठो कारागार हुन्छ

त्यस्ताको विश्वास कदापि हुन्न
जसको मनमै तरबार हुन्छ

जस्लाई मनमा सत्कार हुन्छ
त्यसैको भूमिका गद्दार हुन्छ



गोविन्द लामिछाने
सिन्धुली
हालः काठमाडौँ

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

दिन पनि रात हुन्छ तिम्रो अभावमा
भित्तासँग बात हुन्छ तिम्रो अभावमा

आउँछु, आउँछु भनी तिमी नआउँदा
तस्बिरको खात हुन्छ तिम्रो अभावमा

गुलाब लिई आए पनि भेट नहुँदाखेरी
च्याती पातै पात हुन्छ तिम्रो अभावमा

आशाका विम्बहरू सबै टुङ्गी गएपछि
मनभित्र घात हुन्छ तिम्रो अभावमा

जब मनले सोचेको केही पूरा हुन्नन् अनि
जवानीको मात हुन्छ तिम्रो अभावमा



हरिशरण अर्याल
धादिङ
हालः काठमाडौँ
सम्पर्क नम्बरः ९८४११२१२२७

सर्व साधारणमाथि गोली चलेको इतिहास छ मसँग
गरिबको झुपडी आगोले जलेको इतिहास छ मसँग

नालायक नेताले बेचिएका कालापानी, दार्जिलिङ
बचाउँदा हाम्रा वीर योध्दा ढलेको इतिहास छ मसँग

स्वार्थी यो दुनिया पैसाको लागि दानव बनेर यहाँ
बेचबिखन गर्दै चेलीबेटी छलेको इतिहास छ मसँग

नेपालको युद्ध भाइ भाइको लडाइ कति मरेर गए
बिचारी आमा रूँदारूँदै गलेको इतिहास छ मसँग

सर्व साधारणमाथि गोली चलेको इतिहास छ मसँग
गरिबको झुपडी आगोले जलेको इतिहास छ मसँग



इन्द्र संगीत बुढाथोकी
उपल्लो बाँझकाँडा ४, सल्यान
हालः मलेसिया

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

छैन अहँ छैन मलाई तिम्रो विश्वास छैन
मैसँग नै जीवन काट्छौ भन्ने आश छैन

तिमी रङ्ग फेर्न चाहान्छौ म त्यो चाहँदिनँ
त्यसैले त तिम्रो र मेरो सम्बन्ध खास छैन

फिरन्ते छ तिम्रो मन घुमि रहन्छ जहाँ त्यै
भौतिक शरीर सँगै छ मन पास छैन

तिमीलाई अँगालेर पो गरूँ के म यहाँ
जस्को मनमा कहिल्यै नि मेरो बास छैन

छैन अहँ छैन मलाई तिम्रो विश्वास छैन
मैसँग नै जीवन काट्छौ भन्ने आश छैन



ईश्वर कुमार (नेपाली ईश्वर)

फर्किंदै छु आमा चुहिएको छानु टाल्नु छ
छानु चुहिंदा निभेको चुल्हो बाल्नु छ

कति बस्नु परदेशी भै अर्काको देशैमा
मेहनत र पसिना आफ्नै ठाउँमा गाल्नु छ

दुःख गरी हुर्कायौ एक्लै छोडी बिदेसिएँ
तिम्रा दुःख, पीर आमा सबै फाल्नु छ

हेर्न सक्दिनँ म आमा तिम्रा आँखा रसाएका
दुःखहरू पन्छाई अब सुख चाल्नु छ

तिम्रो ममताको ऋण तिर्न सक्दिनँ हुँला
तैपनि कोसिस मैले आजैबाट थाल्नु छ



जय बुढाथोकी
काठमाडौं, मैतिदेवी

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

अनन्त छ्यौ दूर आकाश भैँ
स्वतन्त्र छ्यौ बहन्छ्यौ बतास भैँ

सिन्धु सरी छ्यौ पवित्र दिव्य
बन्छ्यौ तिमी किन सन्त्रास भैँ

मेघ सरी शीत बोकेर नित्य
के बिघ्न भो हिड्छ्यौ हताश भैँ

अप्राप्य दिव्य शक्ति तिमी हौ
लिई रोशनी आऊ प्रभात भैँ

मुग्ध, मधुर, स्वर सरी आऊ
मधुपवनमा मधुराज भैँ



जिविका खतिवडा
गान्तोक, सिक्किम, भारत

तिमी उस्तै म नि उस्तै फरक यो जमाना
हाम्रो माया पनि उस्तै फरक यो जमाना

जति माया गर्थौँ पहिले कम्ती छैन अहिले
मेरो मन छ नि उस्तै फरक यो जमाना

रिस छैन राग छैन दया माया सँगै
हृदयको धनी उस्तै फरक यो जमाना

जस्तो थियौ ठानेकी थेँ अझै उस्तै रैछ्यौ
आज फेरि भनी उस्तै फरक यो जमाना

यो संसारमा सधैँ एउटै कोही नरहने
मात्र एक जुनी उस्तै फरक यो जमाना



जीवन थापा (Ji Kim Sung)
ठेगानाः बनकटुवा ३, बाकेँ
दर्शक श्रोता सञ्जाल नेपाल

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

गाउँघरकै सम्झनामा दिनहरू काट्छु आमा
अमूल्य यी पसिनासँग डलरहरू साट्छु आमा

प्रदेशमा तपाईँको छोरो कुनै पल हाँस्या छैन
म जस्तै अरू छन् दुःख र सुख बाँट्छु आमा

थाकी सकेछु क्यार जाँगर चल्न छोडी सक्यो
साहुको ऋण सम्झिएर आँट्न त आँट्छु आमा

सोध्नु हुन्छ घरबाट छोरा तिमीलाई कस्तो छ
गह भरी आँसु पारी तपाईँहरूलाई ढाँट्छु आमा

घरको छाना फेर्नु अब ऋणपान सकियो भने
सुख दुःख बसौँ घरमै प्रदेश अब छाड्छु आमा



कविराज मगर
दिप्लुङ १, खोटाङ

आँसु बनी तिम्रो याद आइ दिन्छ
परेली ती यादलाई लुकाइ दिन्छ

खै कता पो जान्छ मन उडेर
नभनी दिन रात हराइ दिन्छ

दुश्मन हुन् सबै ती बास्ने भाले
सधैं मेरो सपना टुटाई दिन्छ

यो प्रेम रैछ कति शक्तिशाली
सद्दे मान्छे पागल बनाइ दिन्छ

भइस् बूढो भन्छ जन्मदिनले
तर मान्छे उसलाई बधाई दिन्छ



कालिकोटे अनिश
थाहा नगरपालिका
हालः काठमाडौँ

राष्ट्रको शिर बैरीसामु झुक्न नदेऊ नयाँ सरकार
देश प्रतिको जिम्मेवारी चुक्न नदेऊ नयाँ सरकार

सहिदले रगत बगाई सिर्जिएको नेपाल हाम्रो
दुश्मनलाई वरिपरि ढुक्क नदेऊ नयाँ सरकार

डाँडाकाँडा पखेरालाई हराभरा बनाउनु छ
नदी नाला झरनालाई सुक्न नदेऊ नयाँ सरकार

हिमाल पहाड तराईलाई एकै मालामा उन्नुपर्छ
एकताको त्यो डोरीलाई फुक्न नदेऊ नयाँ सरकार

आँच नआओस् स्वाभिमानमा गोर्खालीका सन्तान हौँ
देशद्रोहीलाई मौका छोपी भुक्न नदेऊ नयाँ सरकार



कल्पना पौडेल "जिज्ञासु"
गैंडाकोट ४, नवलपरासी
हालः इजरायल

पानी झैँ जवानी छल्काएर गई
अदृश्य अङ्गहरू झल्काएर गई

च्यातिएर सबैतिर चुहिएकी ऊ
हरण गरी होसहरू जल्काएर गई

सेलाईकन जवानी चिसिएको म
तताई मनमा आगो सल्काएर गई

खिया लागि खुइलिसकेको मन
जवानीकै रसायनले टल्काएर गई

प्रदर्शन भई आफै प्यासी बजारमा
कसिलो जिउडाल ढल्काएर गई

बैंसको मातले खुब्बै नै मात्तेकी ऊ
प्यास मेटी जवानीको पल्काएर गई



काल्पनिक के सी "डिजिटल"
सिन्बाङ ८, खस्घुर, सल्यान
हालः काठमाडौँ
सम्पर्क नः ९८४७९९१५२२

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

जब दिलमा आँखा मारामार हुन्छ
कवि हुन्छ मान्छे गजलकार हुन्छ

सबै कुरो मिल्छ यता दायाँबायाँ
उताबाट फेरि खबरदार हुन्छ

कैले भेल आउँछ बगाउँछ बस्ती
कोही डुब्छ मान्छे कोही पार हुन्छ

म बेहाल थिएँ तिमी आउनु अघि
तिमी आए पछि घरबार हुन्छ

अब टाढा कतै धाउनु पर्ने छैन
तिम्रो रोगको यतै उपचार हुन्छ



कमल अर्याल "धादिङे"
रत्ननगर ३ टाँडी, चितवन

किन यति नजिक सीमित अवधिलाई
बन्नु छैन सालिक सीमित अवधिलाई

हाम्रो सारा धरोहर बेचेपछि तिमीले
कसरी हुन्छ प्रतीक सीमित अवधिलाई

लाज मरिसकेछ घिन पचिसकेछ तिमीमा
म त हुन्न व्यर्थ सरिक सीमित अवधिलाई

मैले जानेको बुझेको सुनाएकै हु क्यारे
खै के ठिक के बेठिक सीमित अवधिलाई

किन यति नजिक सीमित अवधिलाई
बन्नु छैन सालिक सीमित अवधिलाई



कमल सरगम चौलागाईं
काभ्रे, कोसीपारी
हालः काठमाडौं

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

खेलायौ तिमीले नै, खेलाडी म बनैँ
पागल झै माया गरैँ, अनाडी म बनैँ

तिमीलाई नै जित्न दिएँ, सधैँ भरी मैले
हार स्विकार्ने बानीले, पछाडी म बनैँ

अन्जान भै एकोहोरो, माया गरि रहैँ
तिम्रो निम्ति नै गँवार, पहाडी म बनैँ

हजारौं मिठा शब्दहरूको, तारिफले
तिम्रै बयान गर्दा नि, गफाडी म बनैँ

खेलायौ तिमीले नै, खेलाडी म बनैँ
पागल झै माया गरैँ, अनाडी म बनैँ



"कान्छो"
भूपेन्द्र आचार्य

जालीहरूको पनि मिठो बोली हुन सक्छ
त्यही बोली ज्यान लिने गोली हुन सक्छ

समुन्द्र हेरेर हजुर भन्नुस् के के सोच्नुहुन्छ
म सोच्छु यस्तै आँखामा खोली हुनसक्छ

सधैँ सपनामा म महल ठडाउँछु ढलिदिन्छ
पूरा आज भएन लाग्छ भोलि हुन सक्छ

तिम्रो जवानी प्रिय छोपिएन अहँ छोपिएन
भोलि लिलाम भई उध्रेको चोली हुन सक्छ

परदेशबाट सबै कमाएर जान्छन् भन्ने छैन
कसैको भरी कसैको रित्तो झोली हुन सक्छ



कपिल लामिछाने
दाङ, बेलझुण्डी

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

सधैँ सुन्दर सोच्ने तिम्रो सोचाइको तारिफ गर्छु
मेरो मन मुटु जोख्ने जोखाइको तारिफ गर्छु

फूलभन्दा काँडा रोज्छौ काँडाभित्र जीवन खोज्छौ
विल्कुल फरक तिम्रो यस्तो रोजाइको तारिफ गर्छु

खुसीभित्र आँसु लेख्छौ आँसुभरि खुसी देख्छौ
अरुभन्दा निकै भिन्न भोगाइको तारिफ गर्छु

आँखासँग आँखा बोल्छौ अनि दिलको ढोका खोल्छौ
यस्तै गरी माया पोख्ने पोखाइको तारिफ गर्छु

सधैँ सुन्दर सोच्ने तिम्रो सोचाइको तारिफ गर्छु
मेरो मन मुटु जोख्ने जोखाइको तारिफ गर्छु



करुणा मगरराई
दार्जिलिङ, भारत

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

माया त लैला र मजनुको जस्तो अटल हुनु पर्छ
अनि एक अर्काको साथ सधै हरपल हुनु पर्छ

ए माया गर्ने प्रेमी हो साँचो माया गरेका छौ भने
तिमीहरूको माया पनि हरपल सफल हुनु पर्छ

ऊ त्यो घरमा हेर त त्यो जोडी परेवालाई
सायद हाम्रो मायादेखि परेवा चञ्चल हुनु पर्छ

सधैँभरी मायाको भाका मात्र गुन्गुनाई रहने
त्यो जोडी ढुकुरलाई खोज्दै जाऊ जङ्गल हुनु पर्छ

माया छ त संसार छ र त जिएका छौँ हामी पनि
हो यस्तै मायाको शब्दहरू बोल्ने गजल हुनु पर्छ



केहर सिंह खासु मगर
गुल्मी, बलिथुम
हालः भारत

दोबाटोमा तिमीलाई हिँडिरा'को देख्छु
मुख खोल्न नसकेर मुटुभित्र लेख्छु

तिमी सामु मनको कुरा खोल्न नसकेर
तड्पिँदैं मनभरि आफ्नै दिमाग सेक्छु

आफ्नै यी खुट्टाले नि साथ छोड्छन् कैले
खोजी गर्दै सहारा म निर्जीव लठ्ठी टेक्छु

मनमा लाग्छ अझै तिम्ले साथ दिन्छ्यौ जस्तो
मुखमा आ'को बोली पनि बन्द ओठ्ले छेक्छु

दोबाटोमा तिमीलाई हिँडीरा'को देख्छु
मुख खोल्न नसकेर मुटुभित्र लेख्छु



कुमार काफ्ले
यसम, ओखलढुंगा

पहाडमाथि पनि समुन्द्रको, छाल उठ्न सक्छ
अनि एकसाथ तरबार र, ढाल उठ्न सक्छ

समाजमा अझै अत्याचार यथावत् देखेर
भत्काई चिहान सहिदको, कंकाल उठ्न सक्छ

ढुङ्गा माटो जोडेर ती वीरहरूले बनाएथे
रक्षाका लागि त्यही निर्जीव, पर्खाल उठ्न सक्छ

होस् गर् सरकार जनताको अदालतमा
कुनै जवाफ दिन नसक्ने, सवाल उठ्न सक्छ

रहस्य पर्दाफास हुनेछ यो युगको अन्त्यमा
तब गजलबाटै क्रान्तिको, मसाल उठ्न सक्छ



लवहरि ढुंगेल "असफल"
रानिगंज – ३, सर्लाही

अचम्मको छ संसार हेरिरहेछु
को चलाउँछ सरकार हेरिरहेछु

पिँजडा भित्रको चराले रूँदै भन्छ
कति दिन छ कारागार हेरिरहेछु

सपनामा बुद्धले दुःख पोख्दै भने
कति चल्छ मारामार हेरिरहेछु

पोल्टा भरि गिट्टी बटुल्दै टुहुराले
उभ्याई दिएछ दरबार हेरिरहेछु

अचम्मको छ संसार हेरिरहेछु
को चलाउँछ सरकार हेरिरहेछु



लक्ष्मण सिजापति "घायल"
बयाला ४, अछाम

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

लजाउँदै गुलाबको फूल थमाएर गएको छ
के को प्रतीक थियो कुन्नि रमाएर गएको छ

कुरा राखी आउने अरे उन्का बाआमासँग
कसम खाँदै मेरो हात समाएर गएको छ

यतै बसाइँ सर्नु पर्छ अब चाडैं तिम्ले पनि
यसै भन्दै उनको मुटु छमाएर गएको छ

टुट्न नदेऊ मेरो सानो सपनाको घर प्रिय
भन्दै मधुर बोली थोरै कमाएर गएको छ

तिमी मेरो मुटु अनि धड्कन सानू भन्दै
मलाई उनले पुरै हक जमाएर गएको छ



लक्ष्मी श्रेष्ठ
क्षेत्रपा २, दोलखा
हालः काठमाडौँ

दुखाएर मेरो मन कहाँ जान्छौ ?
धेरै कमाउन धन कहाँ जान्छौ ?

एक पल पनि तिमी नहुँदा अचेल
हुन्छ एक्लो पन कहाँ जान्छौ ?

त्यहाँ प्रवेश निषेध लेखिएको छ
हाम्रो होइन वन कहाँ जान्छौ ?

सक्नेले त पुरै जलाउनु थियो नि
निर्दोष जलाएर तन कहाँ जान्छौ ?

यो घाउमा मलम लगाउने बेलामा
मलाई छोडी झन कहाँ जान्छौ ?



लोकेन्द्र देउवा

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

दिगो याद छोडी गयौ खै कसोरी
सजल नेत्र मोडी गयौ खै कसोरी

लगायौ तिमीले, फुलायौ तिमीले
त्यही फूल तोडी गयौ खै कसोरी

बसेका थियौँ हर्षले मुस्कुराई
दुवै ओँठ जोडी गयौ खै कसोरी

जगाएर ऊर्जा उडी स्वप्नलोक
सुसम्बन्ध फोडी गयौ खै कसोरी

दुवैको कलाले सजेको बगैँचा
भताभुङ्ग गोडी गयौ खै कसोरी



मधु पोखरेल
विराटनगर
मो. नं. ९८४२२४५०११

निर्विकार म त यहाँ जिउँदो लास भा'को छु
पिरतीको झुठो खेलमा उठिबास भा'को छु

जसोतसो गुजरामा जीविका चलेकैथ्यो
त्यो मोरीले लुटी सबै आफै नास भा'को छु

निष्ठुरीको जालमा परी घर न घाटको हुनु रै'छ
थाहै नपाई जुवाडेको म त तास भा'को छु

भाग्य मेरो यस्तै हो कि कर्मलाई दोषी ठान्नु
सपनाको महलभित्र खाली आभास भा'को छु

स्वधर्म र सत्कर्ममा बाँच्न खोजेको थेँ
कुविचारको मारमा एकै गाँस भा'को छु



महेन्द्र क्षितिज

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

विधिको विडम्बना यस्तो, कहानी हुन्छ कि हुँदैन
आकाशमुनि सुत्नु पर्दा, हैरानी हुन्छ कि हुँदैन

निर्बल दुखियाहरूले राहत पाउन सकेनन्
राहत बाँड्दा धाँधली भो, बैमानी हुन्छ कि हुँदैन

खण्डहर त्यो भग्नावशेष, स्थल जो देखाएर
ऋण लिन लाग्दा जनता, जमानी हुन्छ कि हुँदैन

दाताहरूले खर्बौं दिने भो सरकारको के विश्वास
जो खण्डहर भोलि राजधानी हुन्छ कि हुँदैन

भ्रष्टाचार गर्नु, गरेर ढाकछोप गर्दैछन् आज
यसरी झुठो बोल्दाखेरि, नोक्सानी हुन्छ कि हुँदैन



मानन्धर रेखा "काली"
साँखु

तोड्नु रै'छ नाता किन, जोडी बैगुनीले
ख्याल ख्यालैमा वचन सारा, तोडी बैगुनीले

कुरा गर्थी हाँसीखुसी, जिउने सपनाको
नसोधेरै एक वचन, तोडी बैगुनीले

समानान्तर रेखा जस्तै, भन्थी हाम्रो माया
धोका दिई अन्तै पाइला, मोडी बैगुनीले

मन्दिरमा खा'को कसम, लत्याएरै गई
फूल फुल्ने गमला नै फोडी बैगुनीले

फूल ठान्थेँ ढुंगा रै'छ थाहा पाएँ बल्ल
छिया छिया पारी मुटु छोडी बैगुनीले

राख्छु अब कुँढिएको, मुटु सम्हालेर
थाहा छैन कसको घुम्टो, ओढी बैगुनीले



मिलन रोकाया

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

साह्रै व्यस्त हुन्छु होला मरे पछि है
जलाएर अस्थि विसर्जन गरे पछि है

बयान दिनु पर्ला यो यो गरेँ मैले भन्दै
साँच्चै मेरो प्राण उनले हरे पछि है

मलाई लैजा दैव तैँले किन पालो मिचिस् ?
बा आमाले भन्लान् पक्का परे पछि है

के के गर्ने सिकाउँलान् नियम तिमीलाई
सुहाग छोडी विधवामा झरे पछि है

के के गर्लान् के के भन्लान् समाजकाले
सिउँदो पुछ्दै तिम्रा चुरा फोरे पछि है



मोहन भुसाल

किन आउँछौ घरिघरि परेलीको बाटो हुँदै
मेरै आँखा वरिपरि परेलीको बाटो हुँदै

तिम्रै लागि रून्छ भन्ने थाहा हुँदा हुँदै
नसताउन भो यसरी परेलीको बाटो हुँदै

रोकिदिन्थेँ आँधी बरू छेकिदिन्थेँ हुरी बतास
तर रोकिएन आँसु झरी परेलीको बाटो हुँदै

अचम्मको प्यास लाग्यो तिम्रो पिरतिको
मेटिएन केही गरी परेलीको बाटो हुँदै

मेरो जीवनबाट तिमी टाढा टाढा गए पनि
नजिक हुन्छौ मञ्जरी परेलीको बाटो हुँदै



मोहन श्रेष्ठ "मनु"
हाल: काठमाडौँ

चरा उड्छ आकाशमा बेग हानी
म बन्दै छु भूगोललाई कहानी

तिमीले नदीमा खसालेर बल्छी
फगत् भ्यागुताको हऱ्यौ जिन्दगानी

नसामा डुबेझैं झकायौ बिहानै
लुछिन् श्रीमतीले कि राति सिरानी

महान् भन्नु त्यो हो, सुखी भन्नु त्यो हो
कुनै भूल गर्दैन जो जानिजानी

सखे ! बात मिल्ने भए साथ आऊ
पिऔंला दुबैले उही घामपानी



मुकुन्द शर्मा चालिसे
बागलुङ
हाल: काठमाडौँ

यी प्रकृति हराभरा जंगल, भुइँचालो पछि
चिराचिरा हुँदैछन् धरातल, भुइँचालो पछि

माता पिता अनि सहारा, खोसियो कत्तिको
बाँच्ने मनै छैन आजकल, भुइँचालो पछि

झाडा वान्ताको सिकार, बनिरहेथ्यो जाजरकोट
पुगेको छ कि छैन जीवनजल, भुइँचालो पछि

छातीमा सन्ततिको चिहान, बोकेर नेपाल आमा
कसरी हाँसेकी छिन् पलपल, भूइँचालो पछि

जसरी भोट माग्न आउँछन्, त्यसरी यतिबेला
आउँदैन सरकार आउँदैन दल, भुइँचालो पछि



नवीन संघर्ष
सिन्धुली
सदस्य, प्रवासी कलम मलेसिया

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

पानी बिना नदी माथि पुल देखेको छु
शंकालु मानव मनको भुल देखेको छु

सुन्दरताको घमण्ड भएर होला यी सँग
सुरक्षामा काँडा राख्ने फूल देखेको छु

किनारा कै बालुवालाई प्यासी बनाएर
दिन रात बग्ने पानीको मूल देखेको छु

थाहा छ मायाको चोट असह्य हुन्छ भन्ने
जबर्जस्ती नाता जोड्ने हुल देखेको छु

पानी बिना नदी माथि पुल देखेको छु
शंकालु मानव मनको भुल देखेको छु



निरीह राजेन्द्र
हाल: अरूणाचंल प्रदेश
भारत

मैले तिमीलाई माया, गरेको छु एकतर्फी भए पनि
प्रेमको जङ्गारमा म, परेको छु एकतर्फी भए पनि

भन्नेले त मलाई "पागल प्रेमी" भन्लान् दुनियाँमा
तिम्रा पाइलामा फूल, छरेको छु एकतर्फी भए पनि

प्यारमा हुन्थ्यौ भने पनि गर्ने पर्ने यही हो सायद
उन्कै ओठमा हाँसो, भरेको छु एकतर्फी भए पनि

मेरो यो प्यार भन्न खोज्दा हेर कयौं पटक आफू
कोपिला जस्तै गरी, झरेको छु एकतर्फी भए पनि

मैले तिमीलाई माया, गरेको छु एकतर्फी भए पनि
प्रेमको जङ्गारमा म, परेको छु एकतर्फी भए पनि



न्याउली केशव पाण्डे "संसार"
डिभर्ना ५, चिल्याथुम
अर्घाखाँची

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

राष्ट्र टुक्राई खरिददर र बिक्रीदरको दाम हुँदो रहेछ
देश बिगार्ने र जनता दुःख दिनेको नाम हुँदो रहेछ

यहाँ विकासका लागि आपसमा मिलेर जुट्ने भन्दा
जुलुस तथा हड्तालमा जनताको लाम हुँदो रहेछ

यो देशमा कसैले सही मार्ग निर्देशन गर्न सकेन
दैनिकी जस्तै यता बन्द र चक्का जाम हुँदो रहेछ

ए महाशय ! हामी गरिबको दिन कहिले आउँछ ?
पैसा हुनेहरूको मात्र जहिले पनि काम हुँदो रहेछ

भित्रभित्रै सबै घुसखोरी र भ्रष्टचारको व्यापार हुन्छ
बाहिर देखावटी मात्र राष्ट्रवादको खाम हुँदो रहेछ



प्रकाश "पुष्पक" राई पुमा
बेल्टार, बसाहा १, उदयपुर
हालः क्वालालम्पुर, मलेसिया

रात धर्तीमा झरेदेखि धेरै मन दुखेको छ
उस्को निर्मम बलात्कारले सपना लुटेको छ

दानबीर दयावान धर्मभीरू मान्छेमा पनि
आज मानवता मरेपछि जीवन रूझेको छ

हत्याहिंसा भ्रष्टाचारले थिलो थिलो हुँदा पनि
भूकम्पीय अग्लो पहाडसँग देश जुधेको छ

बग्रेल्ती देखिराछु सिक्किमे लेन्डुपेहरू यहाँ
राष्ट्र र राष्ट्रियताको खातिर शिर झुकेको छ

द्रौपदी चीरहरण रोकिने छैन तब सम्म
जब मर्दैनन् धृतराष्ट्र सवाल उठेको छ



प्रतिमा के सी
बेलायत

कुनै बेला असाध्यै मन, पराएको तिमीलाई
कलेजीको महारानी, बनाएको तिमीलाई

अतीतलाई नियाल्दै छु, कथा जस्तो भयो ऐले
चिनो माग्दा मुटु सिङ्गै, पठाएको तिमीलाई

सबै बाचा झुटा थेनन्, सबै नाता झुटा थेनन्
गरी बाचा कसम खाई, बताएको तिमीलाई

खबर केही पठाएनौ, विगत सारा भुलायौ कि
समाई हात रानी वन, घुमाएको तिमीलाई

दुई टुक्रा भयो प्यासी, एकै धड्कन दुई बन्दा
थिएँ मनमा कुनै बेला, सजाएको तिमीलाई



प्रीन्स याक्खा "प्यासी"
संखुवासभा
हालः अफगानिस्तान
बहरः हजज रूक्न
(१२२२/१२२२/१२२२/१२२२)

झुपडीमा बस्थ्यौ तिमी, दरबार बनाएछौ
आफू मात्र बाँच्ने बेग्लै, संसार बनाएछौ

कन्यादानमा बाले भने, जाऊ छोरी उस्कै घर
माने, पुर्खा महिला बेच्ने, संस्कार बनाएछौ

थियौ भक्त हिजोसम्म, तिमी लेखनीको
अहो ! आज किन तिम्ले, तरबार बनाएछौ ?

बेच्दा पनि शरीर आफ्नै, पेट खाली हुन्छ
उही फेरि भोकमरिकै, सरकार बनाएछौ

झुपडीमा बस्थ्यौ तिमी, दरबार बनाएछौ
आफू मात्र बाँच्ने बेग्लै, संसार बनाएछौ



पुरु प्यासी
रामेछाप, बेताली

चोट दिनेहरूको सङ्ख्या हजार भएको छ
ऊ त्यही पीडा भुल्न गजलकार भएको छ

चलचित्र सोच्दै मायामा नाटक गरेपछि
खुलेआम प्रेमी बिचमै काटमार भएको छ

पैसालाई सबथोक ठानी इज्जत गुमाउँदा
निसङ्कोच मायाको यहाँ व्यापार भएको छ

सहयोगी भावना स्वार्थमा परिणत हुँदा
बलात्कार र लुटपाट बारम्बार भएको छ

"काम कुरो एकातिर कुम्लो बोकी ठिमी जाँदा"
'रचना'लाई आफ्नै जीवन भार भएको छ



रचना रचु
काभ्रेपलाञ्चोक

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

यो आँखाको बाटो गरी, मन भित्र पसे पछि
ऊ नै पराई भयो जब, दिलमा छुरा धसे पछि

झुटा भए उनको बाचा, झुटाइ रहे जो दिलासा
नजर अघि पराई सँग, लगन गाँठो कसे पछि

सँग सँगै जिउने मर्ने, वाचा कसम खाएका थ्यौँ
के नै अर्थ त्यो बाचाको, आँसु बनी खसे पछि

भित्र भित्रै बल्झी दुख्ने, घाउ उस्तै बन्दो रहेछ
मेट्दा पनि हुन्न रहेछ, यादको तस्बिर बसे पछि

यस्तो घात कसैलाई नि, नपरोस् कहिले पनि
सायद छुट्न गाह्रो होला, दैव पनि फसे पछि



राई बाबुराम
तोपगाछी ५, झापा
हालः काठमाडौँ

लुटेरा र कुटेराहरूले ठाउँ जमा'को छ आमा
नक्कली भूकम्प पीडितलाई रकम थमा'को छ आमा

नाकाबन्दी, प्रतिबन्ध दुनियाँ भुलाउने खेल रहेछ
ग्यास तेलमा कालो धन लुटा'को छ आमा

सानो-तिनो होइन यो, ठूलै रछ ग्र्याण्ड डिजाइन
नाकैपिच्छे भन्सार कर चुहा'को छ आमा

देखिँदैन अँध्यारोमा, १५ घण्टे लोडसेडिङ्
अन्त्य गर्ने खोक्रो भाषण बढा'को छ आमा

ठगहरूको बिगबिगी चारैतिर बढ्दै गर्दा
महङ्गीले घाँटी च्याप्प समा'को छ आमा



राजेन्द्र खड्गी
साँगा-३, काभ्रे

कुनाबाट कन्दराबाट सूचना आएको छ
फरक शैलीमा चराबाट सूचना आएको छ

अधिकतम अग्लिन खोज्नेहरू सजग रहन
भत्किएको धरहराबाट सूचना आएको छ

उता भित्रभित्रै माटोहरू षड्यन्त्र रच्दैछन् रे
हो,गोप्यरूपमा जराबाट सूचना आएको छ

बाहिर नरम हुनेहरू भित्र कडा हुन्छन् अरे
जोगिराख्नु खतराबाट सूचना आएको छ

कुनाबाट कन्दराबाट सूचना आएको छ
फरक शैलीमा चराबाट सूचना आएको छ



राजकुमार भुजेल "साजन"
कुम्पुर – ५, धादिङ
हालः UCMS, भैरहवा

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

नेपाली जनता सबै जुट्नै पर्ने भयो
अन्यायको विरोधमा उठ्नै पर्ने भयो

होडबाजी छ नेता जति आफ्नै खल्ती भर्न
देशद्रोहीको कालो धन लुट्नै पर्ने भयो

हामी भित्र मन नमिले अरूले त हेप्छ पक्कै
आफन्त बीच झैंझगडा छुट्नै पर्ने भयो

ल अब आफैं सोचौं, के फाइदा छ नाकाबन्दी
मधेसीको मनको आबेग टुट्नै पर्ने भयो

सबैको सरकार बन्यो, कसैले केही गर्न सकेन
बेकारका यो पार्टीहरू फुट्नै पर्ने भयो



राम बिरही पौडेल
सिन्धुपाल्चोक
हालः मलेसिया

मलाई मेरो मायामा खास चाहिएको छ
अनि प्रेमको आभाष चाहिएको छ

भरोसाको डोरी छिन्नुहुन्न कति भन्नु
तिम्लाई चै कत्ति बदमास चाहिएको छ

आधुनिकताको नाममा पुर्खालाई नबिर्सनू
पुरानो इतिहासको पनि विश्वास चाहिएको छ

तिम्रो सहरले सम्पत्ति, महल ठुलो देख्छ
मलाई त बस् गाँस, बास, कपास चाहिएको छ

मलाई मेरो मायामा खास चाहिएको छ
अनि प्रेमको आभाष चाहिएको छ



राम रिमाल
नुवाकोट
हालः वसन्तपुर, काठमाडौँ

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

अहिले यस्तै भयो अर्को साल आउँछ पक्कै
केही गर्छु भन्दा भन्दै काल आउँछ पक्कै

माछी मार्न ताल भित्र जाल हानेपछि
कि त माछी कि त रित्तो जाल आउँछ पक्कै

ए मनुवा ! धैर्य गर्न सिक्नु पर्छ सधैँ
विपत्तिमा क्यै न अनि पाल आउँछ पक्कै

बीउ छरि राख नाति वर्षा छोप्नु पर्छ
भन्नु हुन्थ्यो हजुरबाले छाल आउँछ पक्कै

भन्दै थियो त्यो तस्करी कुर्दै गौडा गौडी
पर्ख पर्ख साथीहरू माल आउँछ पक्कै



राम शरण सापकोटा "आर्यस"
काभ्रे,
हालः धादिङ

फुटी मात्र रहे सधैँ जुट्न जानेनन्
निदाएकाहरू पनि उठ्न जानेनन्

उसलाई केही बेर हेर्नुथ्यो अझै
घडीका सुईहरू रूक्न जानेनन्

केन्द्रले के हेर्थ्यो र दूर गाउँलाई
राजधानीमा आवाजहरू पुग्न जानेनन्

सपनाहरू त थिए तिम्रा जस्तै मेरा
तर कहिल्यै पनि फुल्न जानेनन्

ए हावा ! एकैछिन सुन मलाई पनि
मान्छेले मान्छेलाई बुझ्न जानेनन्



राम शरण श्रेष्ठ
चिसापानी, रामेछाप

गजलकार बन्न साथी, प्रेम गर्नु पर्छ
त्यति सरल कहाँ छ र, जिउँदै मर्नु पर्छ

मुटु जल्छ छिया पर्छ, भाग्छ निदरी टाढा
आकासमा उड्दाउड्दै भुईँमा झर्नु पर्छ

मायालुको माया मिठो, झनै साथ मिठो
त्यही मायाले छाडी गए, बसाइँ सर्नु पर्छ

समाजले डाहा गर्छ बाधा अड्चन कतिकति
त्यही मायाको लागि सयौं जङ्घार तर्नु पर्छ

धोका हुन्छ, आँसु झर्छ, सम्हालिन गाह्रो
देखावटी नै भए पनि मुस्कान छर्नु पर्छ



रमेश अधिकारी
दमक, झापा
हालः काठमाडौं

गजल सधैं प्रेममा जात पर्खाल बन्छ
परे छुट्न केही आँशुको ताल बन्छ

सदा एक भै बढ्न जाने सबैले
छ सुन्दर अझै शान्त नेपाल बन्छ

छ नारा यहाँ भ्रष्टको अन्त्य गर्ने
सदनमा सयौँको त्यही काल बन्छ

हुँदै हुन्न कमजोर जस्तै विपदमा
बरु दिन्छु शिर देशको ढाल बन्छ

गरौं काम नौलो खुसी मिल्छ सबमा
अहो ! भाँड्न पक्कै यहाँ जाल बन्छ



रमेश रसिक
निजगढ

भुल्न अतीत हल्का, पिएको छु आजकल
फाटेको मन नसाले, सिएको छु आजकल

सम्झनामा आएर सताउँदा तिमीले
बेदनामा जल्दै जिएको छु आजकल

सपनाको संसार भत्कायौ तिमीले
पलपल रित्तिँदै खिएको छु आजकल

विरक्त लाग्छ यो, संसार देख्दा पनि
पलहरु भट्टीलाई नै दिएको छु आजकल

अझ छन् यी नयनहरु तिम्रो बाटो हेर्दै
अर्को जन्मको आश लिएको छु आजकल



रामेश शर्मा
चितवन

पापै पापले जिती दुनियाँ तरेपछि
कहाँ मिल्छ धर्म मनै कालो गरेपछि

भेटिन्छ देवता खोज सच्चा मनले
पुण्य त्यहाँ हेर कुल्ची ठाँउ सरेपछि

सजायको भागी तिमी हौ या हैनौ सोच
हुन्छ दण्ड त्यै पापको घडा भरेपछि

छुट्टाउँछौ पक्ष विपक्ष आफ्नो भने
बन्द गर आँखा दोधारमा परेपछि

मिल्छ भाग्यमा त्यही जो कर्ममा गर्‍यौ
बिज्छ भन्ने बुझ्दै काँडैकाँडा छरेपछि

अस्तित्व त जीवितमा जोगाउनु थियो
गुम्यो आत्मा नि पश्चात्तापले मरेपछि



रश्मी लामिछाने
पाँचखाल
हालः ललितपुर

अलिकति बिउँझिए जस्तो अलिकति निदाए जस्तो
पेट खाली हुँदा पनि उनी गर्छिन् अघाए जस्तो

मेरा लागि भोकै बस्ने मेरी आमाको व्यवहार देख्दा
लाग्छ सधै पीर र व्यथाले अघाए जस्तो

उहाँले मेरो हेराइमा नशा छ भन्नुहुन्छ
तर लाग्छ उहाँकै आँखाले मलाई पिलाए जस्तो

पत्थरलाई अक्षता चढाएर बर माग्छौ तिमी
गरिब थुक निल्दै अनुभव गर्छ त्यही चपाए जस्तो

सक्छौ दुःखीलाई सेवा गरेर देखाऊ एक पटक
अनि उस्ले गर्नेछ तिमीलाई आशीर्वाद दिलाए जस्तो



रितु सुवेदी
भरतपुर १३, चितवन

मनको चाहना मारेर नहिड्नू
आएको मौका हारेर नहिड्नू

सुखै सुखले छाएको जीवनमा
दुःखको आँसु झारेर नहिड्नू

आयौ प्रतिस्पर्धा गर्न संसारमा
नजरमा हिमाल बारेर नहिड्नू

सुन्दर फूलको बगैचा हो जीवन
सुकी सकेका बोट सारेर नहिड्नू

मनको चाहना मारेर नहिड्नू
आएको मौका हारेर नहिड्नू



रोजिना लामा
सिन्धुली

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

भन्दछु हेर, सिँदुरे तालु, लुकाएर आऊ
होचो छ ढोका, ठोकिन्छ शिर, झुकाएर आऊ

झार्नु हुँदैन, भन्छन् पानी, शिरबाट भुइँ
घाममा बसी, चिसो कपाल, सुकाएर आऊ

दुःख देखाई, बस्नु हुँदैन, माइतीघरमा
गएर अब, उताको नाता, चुकाएर आऊ

पुग्दैन सधैं, पेवा धनले, दुःख गर्नै पर्छ
चुलो चौकोमा बुहारी मन, फुकाएर आऊ

भन्दछु हेर, सिँदुरे तालु, लुकाएर आऊ
होचो छ ढोका, ठोकिन्छ शिर, झुकाएर आऊ



रोशन दाहाल
खोटाङ, बडहरे ९
हालः काठमाडौं

नबजाउनू ईर्ष्यालु प्रशंसाका तालीहरु
आदर्शको कुरा गर्दै नथाप्दिनू जालीहरु

निर्दयी हातहरु कोपिला र फूल चुडाई
पूजा गर्न पापी मनले नबोक्नू थालीहरु

सान्त्वना नि दिने हुँदै भित्रभित्रै मज्जा लिँदै
जानिजानी नभाँच्नू है सिर्जनाका डालीहरु

कहिले त जिन्दगीमा अर्तीहरु भन्दा पनि
झनै प्यारो हुँदो रैछ सराप र गालीहरु

नैतिकताको मुहान कदापि नसुकाउनू
लच्के पनि, भत्के पनि भरोसाका आलीहरु



सविन खड्का
दोलखा नेपाल
हालः मलेसिया

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

पिरतीमा लगानी काम लागेन
आगोसँग पानी काम लागेन

कमाउने आशाले घर पोलियो
जलेपछि खरानी काम लागेन

काँडाले जिन्दगी हेरेरै बितायो
फूलको जवानी काम लागेन

न किताब लेखियो न त इतिहास
जिन्दगीको कथा'नि काम लागेन

आज'नि मिर्मिरेमै झरी जानु प¥यो
जूनतारालाई बिहानी काम लागेन



सविना अधिकारी
मुच्चोक ६, गोरखा

तिमी भन्छौ भने जून तारा झारेर देखाउँछु
तिम्रै लागि दुनियाँ पछाडि पारेर देखाउँछु

दुनियाँले इर्ष्या गर्लान् हाम्रो मायालाई सानू
पर्ख तिनीहरूलाई सेती र रारा तारेर देखाउँछु

थोपा रगत पनि बगाउँछु मायाको लागि
हृदयमा तिमी छौ प्रीतिको फूल सारेर देखाउँछु

मनलै गाँसेको माया हाम्रो छुट्दैन साथ कहिल्यै
प्रेममा अमर हुन जीवन हारेर देखाउँछु

तिमी भन्छौ भने जून तारा झारेर देखाउँछु
तिम्रै लागि दुनियाँ पछाडि पारेर देखाउँछु



सगिना थापा मगर
बालाजु, काठमाडौँ

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

आज खोजिरहेछु, प्रकाश कहाँ छ ?
जनताको विश्वास र आश कहाँ छ ?

सधैँ सोधिरहन्छु यो समाजलाई
त्यो जोस जाँगर र प्रयास कहाँ छ ?

त्यहाँ सधैँ चौरासी व्यञ्जन बन्छ रे
यहाँ टुहुराहरूको गाँस कहाँ छ ?

भोलिको जिन्दगी सोच्नै छाडे सबैले
फर्केर हेर्छन् इतिहास कहाँ छ ?

धनी महलमा मस्तीले बसेका छन्
यी गरिबहरूको निवास कहाँ छ ?



सन्दिप अधिकारी "सहयात्री"
हेटौंडा २०, मकवानपुर
हालः यू. ए. ई.

पञ्चेबाजा बज्न थाले, हाँस्छौ कि रून्छौ भन
डोली चढी जान्छौ कि, कि त मेरो हुन्छौ भन

धनको सामु माया केबल झुठो एउटा सपना भयो
हैन भने हाम्रो नाता ओकल्छौ कि थुन्छौ भन

सङ्गमलाई लत्याएर सुख खोज्ने भाकी रहेछौ
मन वा धन चुन्नु परे कुन चाहिँ तिमी चुन्छौ भन

याद त पक्कै आउँछ होला पराई घर गए पनि
भुल्न तिमी मेरो यादलाई कुन साबुनले धुन्छौ भन

रूवाएर जाँदै छौ तिमी चोखो प्रीतको पाप लाग्ला
पाप मेटी चोखो हुन कुनकुन मूर्ति छुन्छौ भन



संगम अधिकारी "घायल योद्धा"
अनैकोट ३, काभ्रेपलान्चोक
हालः दिल्लीमा सि.ए. अध्ययनरत

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

मलाई मेरो दिल पत्थर बनाउनु थियो
आफ्नै जीवन यो कष्टकर बनाउनु थियो

गुलाबहरू बाटो मोडि हिड्न थाले पछि
काडा पन्छाउँदै सफर बनाउनु थियो

मेरो खरको झुपडीमा आगो लगाएर
आफ्नालाई ठुलो घर बनाउनु थियो

हिजो कसैले लत्याएर फालिदिएको
यो जिन्दगीलाई सुन्दर बनाउनु थियो

सम्भव होला या नहोला मेरो गाउँलाई
कसैको राजधानी सहर बनाउनु थियो



सन्तोष देवकोटा
पोखरा, कास्की



सपना घिमिरे
दर्बुङ – ६ दर्बुङटार, गोरखा
हालः काठमाडौं

राजधानीमा दरबार, ढलाएर हेर्ने मन छ
नेतालाई बाग्मतीमा, जलाएर हेर्ने मन छ

राष्ट्रघातीको बिगबिगी बढेपछि मेरो देशमा
पत्थरलाई नौनी जस्तै, गलाएर हेर्ने मन छ

भएन मेरो देश कहिल्यै शान्तिको पक्षमा
एकपटक आफैले देश, चलाएर हेर्ने मन छ

अमेरिका, जापान सोच्छन् पैसाकै लागि
स्वदेशमै रोपेर पैसा, फलाएर हेर्ने मन छ

मेरो पनि "सपना" साकार हुनेछ एकदिन
परिवर्तन ल्याउन सल्बलाएर हेर्ने मन छ

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण



शिरीष फुयाल
हेटौंडा
हालः काठमाडौं

तिम्रै छेउ नजिक तिम्रो हुँदासम्म बोलाएनौ
कस्तो त्यो मन तिम्लाई हेरी रूँदासम्म बोलाएनौ

धेरै पछि बल्ल आज भेट हुँदा चौतारीमा
माया गर्दै सुस्त सुस्त छुँदासम्म बोलाएनौ

तिमी सुनको छानो मुनि ओत लागी हाँसिरह्यौ
तिम्रै छेउको फुसको छानो चुँदासम्म बोलाएनौ

यौटा सुन्दर तलाउको तिमी निकै स्वच्छ पानी
त्यही पानीमा उदास मुहार धुँदासम्म बोलाएनौ

तिम्रै छेउ नजिक तिम्रो हुँदासम्म बोलाएनौ
कस्तो त्यो मन तिम्लाई हेरी रूँदासम्म बोलाएनौ

यो माटोको व्यापार केका लागि ?
यो मान्छे मारामार केका लागि ??

जुन घरमा सँगै हुर्कियौ बढ्यौ त्याँ
बट्वारा काँडेतार केका लागि ??

हेर्‍यो जहाँ त्यहाँ छ आफ्नै भाइ
फेरि खुकुरीमा धार केका लागि ??

जिउँदाका जन्ती हौं, मलामी मर्दा
र'नि पानी बाराबार केका लागि ??

हाम्ले खोज्या नेपाल सिंगो नै हो
टुक्रा टुक्रा सरकार केका लागि ??



सुरेश प्रसाद अर्याल 'कान्छो'
गुल्मी ३
हालः युएई

तिमीले छोडिगए पनि तिम्रो प्यार ज्वलन्त छ
उफ् बड्दै गा"को उमेरमा नि श्रृगांर ज्वलन्त छ

यो युगले दिनहुँ परिवर्तनको काँचुली फेरे पनि
उफ् तिम्रो बस्तीमा पुरानै संस्कार ज्वलन्त छ

साँच्चै बुद्धका वाणीको दुरूपयोग भइरहेछ यहाँ
नत्र शान्त मुलुकमा किन काटमार ज्वलन्त छ ?

मेरो यादका सबै वस्तु तिमीले खरानी पारे पनि
तैपनि हरदम मुटुमै तिम्रो अनुहार ज्वलन्त छ

हरेक फैसलाहरू आफ्नै पक्षमा नगरेको जाती
जब कि यो मायाको लेनदेनमा उधार ज्वलन्त छ



सूर्य बहादुर थापा
(काजी प्रवासी)
रावतकोट ६, जाहारमाडी, दैलेख
हालः बालासिनोर, गुजरात, भारत



सुस्मा नेपाल
नुवाकोट

धुनबिना के रहोस् गीत बिलाएरै गयो
सपनाको मिठो अतीत बिलाएरै गयो

सज्जन पनि शत्रुसामु घमण्डी ठहरिन्छ
सिधा व्यवहार चिन्ने रीत बिलाएरै गयो

आजकै तथ्यमा नजर पर्छ दुनियाँको
विगतमा गरेको हित बिलाएरै गयो

चमक अनि न्यानोपन छर्दै आ'थ्यो सूर्य
जमेका ती थोपा शीत बिलाएरै गयो

माथि पुग्दा खुट्टा तान्ने आफ्ना नै त हुन्
हार खेप्दै पाएको जित बिलाएरै गयो

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण



तारानाथ भण्डारी
यम्घा १, पाल्पा
हालः भारत

निकै चोटिलो हुनेछ कलमको धार पनि
निस्तेज भै पराजित हुन्छ तरबार पनि

सर्वज्ञको अहंता पालेर भ्रम तिमीले
तर्दैनौ अहँ कदापि सामान्य जंघार पनि

परमात्मा तिमीभित्रै छ कहाँ के छैन भन्छौ
उसैद्वारा लेखिएको छ तिम्रो निधार पनि

हर क्षण महान् बन्दछ सच्चा मानवताले
समदर्शी भै हेर त कस्तो छ संसार पनि

निकै चोटिलो हुनेछ कलमको धार पनि
निस्तेज भै पराजित हुन्छ तरबार पनि

राजनीतिमा लागेदेखि ऊ मालामाल भा'को छ
पछिल्लो समय त झनै दलाल भा'को छ

समाज सेवाकै लागि खोलिएको संस्था पनि
अचेलभरी भ्रष्टाचारको संजाल भा'को छ

सम्पति लिएर श्रीमती पोइला हिंडे पछि
बिचरा ! लाहुरे घर फर्कँदा कंगाल भा'को छ

हिजोसम्म शान्त अनि समृद्ध यो देशमा
सकुनीहरू जन्मेपछि बबाल भा'को छ

राजनीतिमा लागेदेखि ऊ मालामाल भा'को छ
पछिल्लो समय त झनै दलाल भा'को छ



थापा थकित "टलक"
सिन्धुली

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

कतै मैदान कतै पहाड बडा बडा बनाइदियो
प्रकृतिले फूल नरम पत्थर कडा बनाइदियो

लाखौँ सलाम महान् कार्य सर्वप्रथम गर्नेलाई
जस्ले सरम ढाकिदिने यो कपडा बनाइदियो

उही खेल खेल्यो हेर यो निर्दयी समयले
निरंकुशता सामु फेरि निर्धो खडा बनाइदियो

हरेक क्षण यौटै कुरा सोचेर म हैरान छु
कस्तो मुटु हुनेले खै यो पिंजडा बनाइदियो ?

कतै मैदान कतै पहाड बडा बडा बनाइदियो
प्रकृतिले फूल नरम पत्थर कडा बनाइदियो



टीका खड्का "राष्ट्रप्रेमी"
मधुमल्ला ४, मोरङ

बगेर जाने मायाको, सम्झना अँगाली रून्नँ म
मनैदेखि रोएँ धेरै, आँसुले अनुहार धुन्नँ म

आफ्नैले दुःखमा डुबाए, सुख दिने कसम खाई
कल्पना सबै टुटे मेरा, जीवन सपना बुन्नँ म

मुटु सानो, टुक्रा हजारौं, कसरी फुटायौ मसिना ?
जोड्नै नसकिने मनले, कसैको भावना सुन्नँ म

आउने छौ तिमी एकदिन, निश्चल मेरो माया खोजी
संसारभरी खोजे पनि, तब कहीँ कतै हुन्नँ म

कोरेको थिएँ तस्बिर त्यो, "तुलसी" "चित्रकार" बनी
मनमा गढेको गहिरो, रूप चित्र मेटाउन्नँ म



तुलसी नारायण चित्रकार
ग्वार्को, ललितपुर

समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण समर्पण

डराउनु पर्ने आफ्नै सपनासँग
पूरा हुन नसकेका चाहनासँग

रात पछि बिहानी अवश्य आउँछ
हुनु पर्दैन चिन्तित जवानासँग

टाढा भयौ तिमी मेरो नजरबाट
म भाँचूँ कसरी तिम्रो सम्भनासँग

सपनामा रमाउनुको के अर्थ छ
सपना फरक हुन्छ विपनासँग

वास्तविकको प्रेम धोका हुन सक्दैन
खेलवाड भयो मेरो भावनासँग



वास्तविक मानव
बागलुङ
हालः काठमाडौँ